आज मिति २०८१ साल मंसिर २१ गते शुक्रबारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको आठौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम वहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री सन्दिप पौडेल | | उपसचिव |
| | श्री टेकावती ढकाल | | अधिकृत आठौं |
| | श्री ऋषिभक्त वाग्ले | | बरिष्ठ प्रशासकीय अधिकृत |

श्री हरि पराजुली

आर्थिक वर्ष २०८१/०८२ को आठौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०८/२१)

१. राष्ट्रपति रनिङ्गशिल्ड र मेयर कप सम्बन्धमा ।
२. कृषि विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।
३. बाँझो जग्गा उपभोग अनुदान कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।
४. विविध ।

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको सिफारिस बमोजिम मिति २०८१/०८/२८ गते देखि २०८१/०८/३० गते सम्म संचालन गरिने राष्ट्रपति रनिङ शिल्ड तथा आठौं मेयर कप प्रतियोगिता सञ्चालन गर्न स्थानीय तह स्तरीय प्रतियोगिताको लागि रु.१४,६९,९००/- र लिल्ला स्तरीय प्रतियोगितामा सहभागीताको लागि रु.२,००,०००/- गरी जम्मा १६,६९,९००/- वजेट बाँडफाँड सहितको प्रस्ताव स्वीकृत गर्ने साथै उक्त प्रतियोगिता भव्य र सभ्य रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा भिमाद नगरपालिका कृषि विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८० लाई संशोधन गर्ने प्रस्ताव पेश भएको हुदाँ उक्त कार्यविधिलाई प्रस्ताव वमोजिम संशोधन गर्ने निर्णय गरियो । साथै नगर विकास योजनामा तोकिएका लागत सहभागिता कार्यक्रम संशोधित कार्यविधि वमोजिम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा भिमाद नगरपालिका बाँझो जग्गा उपयोग अनुदान कार्यविधि, २०७९ लाई संशोधन गर्ने प्रस्ताव पेश भएको हुदाँ उक्त कार्यविधिलाई प्रस्ताव वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान/प्रस्तावता भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १ | नेवरपाटा ढुङ्गे कृषि मार्ग कल्भर्ट निर्माण | भिमाद-१ | कृषि उपज तथा मलखाद ढुवानी गर्न कठिन | भएको | २०००००/- | सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक,सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत |
| २ | तुरतुरे सामुदायिक स्वास्थ्य इकाइ भवनको कोठा पार्टेसन र गेट निर्माण | भिमाद-४ | कोठा निर्माण गर्न | भएको | १२१४४६/- | सि.नं.१७ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च |
| ३ | गोपाल प्रसाद सिग्देल | भिमाद-१ | वाटो निर्माणको क्रममा पाइप क्षती भएको | भएको | ४४१२०/- | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु पाइप खरिद तथा वितरण समेत |
| ४ | नविन राज श्रेष्ठ | भिमाद-३ | खानेपानी पाइप वाढीले वगाएको | भएको | १९०००/- | |
| ५ | बुद्धि बहादुर थापा समेत | भिमाद-५ | पहिरोले पाइप वगाएको | भएको | ८४००/- | |
| ६ | अमिना खातुन | भिमाद-३ | पाइप माग | भएको | ८६९६/- | |
| ७ | सगुन मल्टिमिडिया प्रा.लि. | तनहुँ | पत्रकारिता एवं उदघोषण | भएको | १५०००/- | सि.नं.१०८ विविध कार्यक्रम खर्च |
| ८ | नेपाल कराते महासंघ | तनहुँ | प्रदेश स्तरीय प्रतियोगिता संचालन गर्न | भएको | २००००/- | |

**निर्णय नं. ५**

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. ३८ को स्वीकृत युवा लक्षित सिप विकास कार्यक्रममा विनियोजित रकम रु. ४,००,०००/- वाट विपन्न र महिलाहरुलाई प्राथमिकता दिई हलुका सवारी चालक तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं.६ शान्तिनगर टोल विकास संस्था अन्तरगत जिदिखोला जाने बाटो बाँधघारी उकालो भुङ्गान संरक्षण योजनाका लागि भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. १५३ लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना र लागत सहभागितामा उत्पादनमुलक सामाग्री खरिद समेत शीर्षकवाट उपभोक्ताहरुको ३० प्रतिशत लागत सहभागिता हुने गरी नगरपालिकाको ७० प्रतिशतले हुने रु. ३,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व.०८१/०८२ को नगर विकास योजनामा वडा नं.४ मा संचालन हुने योजना मध्ये क्र.सं.२१ बरनडाँडा मोटर मार्ग स्तरोन्नती योजनाका लागि रु.३,००,०००/- विनियोजन भएकोमा सो कार्य गर्ने क्रममा कडा चट्टानमा ब्रेकर प्रयोग गर्नका लागि रकम अपुग भएकोले प्राविधिक लागत अनुमान अनुसार रु.१,५२,५३०/- सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निमार्ण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेतवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगर शिक्षा समितिको मिति २०८१/०६/१४ गते बसेको बैठकको निर्णय नं ६ बाट श्री बालज्योति आधारभुत विद्यालय भिमाद -८ मा विद्यालयको दिवा खाजा तयारी तथा व्यवस्थापनका लागि ट्रस्ट निर्माण गर्न रु.१,५०,०००/- र सिद्धार्थ आधारभुत विद्यालय भिमाद -१ मा पर्खाल निर्माणका लागि रु १,९५,०००/- सिफारिस भई आएकोले उक्त रकमहरु आ.ब. २०८१/०८२ को वार्षिक नगर विकास योजनाको को शिक्षा तर्फ बिनियोजित रकमको सि.नं १६ विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार शैक्षिक सामग्री व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगर शिक्षा समितिको मिति २०८१/०८/०५ गते बसेको बैठकको निर्णय नं. ५ बाट भिमाद नगर पालिका वडा नं.- ३ स्थित वालशैक्षणिक मा.वि. मा Math Quiz संचालनका गर्न आर्थिक सहयोगका लागि सिफारिस भई आएकोले उक्त कार्यक्रम संचालन गर्न आ.ब. २०८१/०८२ को वार्षिक नगर विकास योजनाको शिक्षा तर्फ विनियोजित रकमको सि.नं १६ विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार शैक्षिक सामग्री व्यवस्थापन शिर्षकबाट रु. ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं.४ माथि छलफल गर्दा संघीय समपुरक योजना अन्तर्गत किहुँ मार्ग कालोपत्रे योजनाको लागि रु १ करोड बजेट विनियोजन भई ठेक्का प्रक्रिया मार्फत रु ७२,२६,०००/- मा सम्झौता भईसकेकोले बाँकी रकम रु. २७,७४,०००/- बाट सोही मार्गमा थप निर्माण कार्य गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं.४ माथि छलफल गर्दा गण्डकी प्रदेशको समपुरक योजना अन्तर्गत सिद्धगुफा मोटरमार्ग निर्माण योजनाको लागि रु. १,२०,००,०००/- बजेट विनियोजन भई ठेक्का प्रक्रिया मार्फत रु. ८१,०२,४९१/७५ मा सम्झौता भएकोले बाँकी रहेको रकम रु. ३८,९७,५०८/२५ सोही मार्गको थप कार्य गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरासँग सहमती लिने र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

## निर्णय नं. १२

प्रस्ताव नं.४ माथि छलफल गर्दा आ.ब. २०८१/०८२ को वार्षिक नगर विकास योजनाको संघिय सरकारवाट सञ्चालित कार्यक्रमको सि.नं. २४ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनउपयोगी सीप तालिम शिर्षकमा विनियोजित रकमबाट मेशिनरी (ईट्टा र ढुंङ्गा) र प्लम्बिङ तालिम सञ्चालन गर्ने निर्णय गरियो।

## निर्णय नं.१३

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं ७ निवासी श्री हरिचन्द्र भण्डारी, चन्द्र बहादुर सार्की, बालकृष्ण कडेल र हरिवंश भण्डारी समेत नाउँमा दर्ता श्रेस्ता रहेको तपसिल बमोजिमका जग्गालाई सम्माई वस्ती विस्तार आयोजनाको लागि उत्खनन् गर्नुपर्ने भएकोले सोको लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको लागि जग्गा धनीहरुले पेश गरेको कार्यक्षेत्रगत (TOR) स्वीकृत गरी नगरपालिकाले सूचिकृत गरेको परामर्शदातावाट प्रारम्भिक वातावरणीय परिक्षण सो सम्बन्धी प्रक्रिया अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | जग्गाधनीको नाम | न.सि.नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरिचन्द्र भण्डारी | भिमाद २/ग | ११८ | १-६-१-१ | |
| | | भिमाद २/ग | ११९ | ०-३-०-३ | |
| २ | चन्द्र बहादुर सार्की | भिमाद २/ग | १२० | ०-६-२-२ | |
| ३ | बालकृष्ण कडेल | भिमाद २/ग | ५१० | ०-५-०-३ | |
| | | भिमाद २/ग | ५११ | ०-५-०-३ | |
| | | भिमाद २/ग | १२२ | ०-७-३-२ | |
| ४ | हरिवंश भण्डारी | भिमाद २/ग | १२३ | ०-५-२-३ | |
| | | भिमाद २/ग | ३५० | ०-१३-२-० | |